# कबुलियत वन नीति २०५९, वन ऐन २०४९ (कबुलियती वनसम्बन्धी व्यवस्था) र वन नियमावली २०५१ (कबुलियती वन)

श्री ५ को सरकार
वन तथा भू संरक्षण मन्त्रालय

**वन विभाग**

**पहाडी कबुलियती वन तथा चरन विकास आयोजना**

बबरमहल, काठमाडौं ।



# कबुलियती वन नीति, २०५९

(श्री ५ को सरकार (मं.प.) बाट ०५९।२।१३ मा स्वीकृत भएको ।)

(वन ऐन, २०४९ को परिच्छेद ६ बमोजिम
कबुलियती वन दिने बारे अवलम्बन
गरिने नीति तथा प्रक्रिया)

श्री ५ को सरकार

**वन तथा भू-संरक्षण मन्त्रालय**

सिंहदरवार

# कबुलियती वन दिने सम्बन्धमा अवलम्वन गरिने नीति तथा कार्यान्वयन प्रक्रियाको अवधारणा पत्र

## १. पृष्ठभूमि

श्री ५ को सरकारले वन व्यवस्थापनको क्रममा राष्ट्रिय वनको कुनै भाग व्यक्ति वा संघ संस्थालाई वन पैदावार उत्पादन गरी बिक्री गर्ने, औद्योगिक कच्चा पदार्थ उत्पादन गर्ने, बनको संरक्षण र विकास हुने गरी पर्यटन व्यवसाय सञ्चालन गर्ने, कृषि वन (Agro Forestry) कार्य सञ्चालन गर्ने तथा कीटपतङ्ग वा वन्य जन्तुको फर्म सञ्चालन गर्ने प्रयोजनको लागि खास अवधिको निमित्त तोकिएको दस्तुर लिएर कबुलियती वनको रूपमा हस्तान्तरण गर्ने गरेको छ। वन स्रोतको दीगो एवं बुद्धिमत्तापूर्ण उपयोगबाट निरपेक्ष गरिबीको रेखामुनि रहेका जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने, वन पैदावारजन्य कच्चा पदार्थहरुको प्राप्तिलाई सुनिश्चित तुल्याएर औद्योगिक विकासलाई अग्रगति प्रदान गर्ने र पर्या-पर्यटन (Eco-tourism) लाई प्रवर्द्धन गर्नेजस्ता अवधारणाहरुका साथ कबुलियती वन व्यवस्थापन सम्बन्धी कार्यक्रम विगत केही वर्षदेखि सञ्चालनमा आएको छ र यसको निमित्त केही नीतिगत एवं कानूनी पूर्वाधारहरुसमेत तयार गरिएका छन्।

वन ऐन, २०४९ को परिच्छेद ६ तथा वन नियमावली, २०५१ को परिच्छेद ५ अनुसार कबुलियती वन प्रदान गर्ने सम्बन्धमा कानूनी प्रक्रियाहरु व्यवस्था भए पनि गरिबी निवारण कार्यक्रमअन्तर्गत गरिबीको रेखामुनिका परिवारहरुको लागि सञ्चालन भएको कबुलियती वन कार्यक्रमबाहेक अन्य प्रयोजनको लागि उल्लेखनीय रूपमा कबुलियती वन गएको देखिँदैन। हाल २५ वटा कबुलियती वन पाउँ भन्ने आवेदन मन्त्रालयमा विचाराधीन अवस्थामा छन्। झाडी तथा बुट्यान क्षेत्रलाई स्तर वृद्धि गर्न सकिएको छैन। अतिक्रमणबाट र अन्य कारणले पहिलाका बाक्लो वनहरु पातलिँदै गई वनको स्तर खस्किँदै गएको छ भने सरकारी स्तरबाट मात्र त्यस्ता झाडी बुट्यान तथा मासिएको वन क्षेत्र ९म्भनचमभम ँयचभकतक० हरुको उपयुक्त स्तरमा संरक्षण हुन सकेको छैन। वन क्षेत्र भनिएको तर साह्रै कम मात्रामा रुख विरुवा



भएका तथा झाडी बुट्यान र वन अतिक्रमणबाट फिर्ता लिएको र प्राकृतिक प्रकोपबाट वन विनाश भई पछि उकास भएका वन क्षेत्रका जग्गाहरुलाई वन ऐन तथा नियमावलीमा भएको कानूनी व्यवस्था बमोजिम पारदर्शी ढंगबाट कबुलियती वन दिई वन तथा प्राकृतिक स्रोत व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता गराउन सकिने देखिन्छ। यसबाट उत्पादनशील क्षेत्रको आधार बढ्ने तथा आर्थिक क्रियाकलाप वृद्धि भई विस्तृत आधारको आर्थिक वृद्धि दरलाई टेवा पुग्ने तथा वातावरण तथा जलाधार संरक्षण भई अन्य क्षेत्रलाई पनि प्रत्यक्ष सहयोग पुग्ने हुन्छ।

यस सन्दर्भमा दशौं योजनाको आधार पत्रमा देहायको प्रावधानहरु स्पष्ट रूपमा मार्गनिर्देशन भएको छ।

(क) झाडी बुट्यान वन क्षेत्रलाई दिगो वन विकासको दृष्टिकोणले उपयुक्त वन पैदावार उत्पादन तथा पर्या-पर्यटनको निमित्त लामो अवधिको कबुलियत वन दिने व्यवस्था गरिनेछ।

(ख) आवश्यक कानूनी परिमार्जन गरी जडीबुटी, उच्चमूल्यका हरिण, कस्तुरी, जरायो र बँदेलजस्ता वन्यजन्तु र पशुपंक्षी पालन कार्यमा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गरिनेछ।

## २. वर्तमान नीति

कबुलियती वनबारे श्री ५ को सरकारको नीतिगत व्यवस्था निम्न योजना र नीति पत्रहरुमा उल्लेख भएको छ :

### (क) वन विकास गुरुयोजना, २०४६

वन विकास गुरुयोजना, २०४६ मा राष्ट्रिय वनको कुनै भागलाई कबुलियती वनको रूपमा निजी क्षेत्रलाई उपलब्ध गराई व्यवस्थापन र विकास गरिने कुरा उल्लिखित छ। उक्त गुरुयोजनामा कबुलियती वनलाई वन क्षेत्रका छ वटा मुख्य कार्यक्रममध्ये दोस्रो प्राथमिकता प्राप्त राष्ट्रिय तथा कबुलियती वन कार्यक्रमअन्तर्गत राखिएको छ।

### (ख) दीर्घकालीन कृषि योजना, २०५१

यसै गरी दीर्घकालीन कृषि योजनामा उल्लिखित वन क्षेत्रका मुख्य चारवटा क्रियाकलापमध्ये निजी तथा कबुलियती वन एउटै कार्यक्रमअन्तर्गत राखी वनक्षेत्रको विकासमा निजी क्षेत्रको भूमिकालाई महत्व दिइएको छ। दीर्घकालीन कृषि योजनाले लिएको लक्ष्यहरु, खास गरी कृषिजन्य उत्पादनको वृद्धि र पशु विकासमा गरिबीको रेखामुनि रहेका समूहहरुको लागि सञ्चालित कबुलियती वन कार्यक्रमले निकै योगदान गर्न सकेको स्पष्ट छ।

(ग) नवौं योजना (२०५४-०५९)

नवौं योजना (२०५४-०५९) मा प्राकृतिक वातावरण र विकासलाई समग्र प्रणालीको आधार मान्दै वन क्षेत्रको स्रोत परिचालन, संरक्षण र व्यवस्थापन गरी वन पैदावारको माग र आपूर्ति बीच सन्तुलन कायम गरी गरिव एवं सीमान्त परिवारका लागि रोजगारी एवं आयआर्जजनका अवसर बढाउँदै व्यापक जनसहभागिताद्वारा वन क्षेत्रको उत्पादकत्व बढाउने उद्देश्य राखिएको छ भने सो उद्देश्य प्राप्तिका लागि वन उद्योग र संस्थालाई कबुलियती वन प्रदान गर्ने र औद्योगिक वन विकास गर्ने लक्ष्यहरु समेत निर्धारण गरिएको छ। यस योजनाले कबुलियती वनको व्यवस्थापनलाई गरिबी निवारणसँग आबद्ध गर्दै यसको प्रर्द्धनको लागि विद्यमान नीतिगत एवं कानूनी समस्याहरु पहिल्याई तिनीहरुको निराकरण गर्ने तथा सम्भाव्यताअनुसार सरकारद्वारा व्यवस्थित वन क्षेत्रमा व्यावसायिक वन व्यवस्थापन गराउन निजी क्षेत्रलाई आवश्यक अवसर प्रदान गरी प्रोत्साहित गरिने नीति लिएको छ। नवौं योजनामा कबुलियती वनको खास परिमाणात्मक लक्ष्य किटान गरिएको छैन। तर आठौं योजनामा २५००० घर परिवारलाई कबुलियती वन व्यवस्थापनमा संलग्न गर्ने लक्ष्य लिए पनि योजनाको अन्तसम्ममा करिव २४०० परिवार मात्र संलग्न भएको पाइएको छ।

मुलुकमा विद्यमान वन क्षेत्रको अधिकांश हिस्सा (केही निजी वनबाहेक) राष्ट्रिय वनको रूपमा रहेको र पर्यटन व्यवसाय मूलतः निजी क्षेत्रबाट प्रवर्द्धित गतिविधि भएको सन्दर्भमा पर्या-पर्यटनको विकासबाट मुलुकको आर्थिक विकासमा सरकार एवं निजी क्षेत्रको



सार्थक सहभागिताको ज्वलन्त नमूना बन्न सक्ने गुञ्जायस समेत रहेको छ। नवौं योजनाले पर्या-पर्यटन ९भअय(त्यगचष्क० लाई प्रवर्द्धन गर्न लिएको नीतिले पनि यस कुराको पुष्टि गर्दछ।

(घ) दशौं योजना (२०५९-०६४) (आधार पत्र)

दशौं योजना (२०५९-६४) को आधारपत्रमा व्यावसायिक रूपमा वन व्यवस्थापन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने, गरिवीको रेखामुनि गरेका समूहहरुको जीविकोपार्जनका अवसरहरु बढाउन कबुलियती वन विकास कार्यक्रमलाई व्यापकता दिइने कुरा उल्लेख गरिएको छ ।

उपरोक्त नीति पत्रहरु तथा वन ऐन, २०४९ र वन नियमावली, २०५१ मा कबुलियती वनबारे स्पष्ट रूपमा उल्लेख भए तापनि कार्यान्वयन तहमा देखिएका प्रक्रियागत जटिलताको साथै श्री ५ को सरकारको स्पष्ट नीतिगत प्रतिबद्धता नदेखिँदा अपेक्षा गरेअनुसारको कबुलियती वन व्यवस्थापन हुन सकेको छैन । खास गरी गरिबीको रेखामुनिका समुदायलाई कबुलियती वनको माध्यमबाट गरिबीको दुश्चक्रबाट बाहिर ल्याउने श्री ५ को सरकारको प्रतिबद्धताको प्रभावकारी कार्यान्वयनको लागि एकीकृत कार्यक्रम ल्याउनु पर्ने देखिएको छ । संघ, संस्था र उद्योगलाई कबुलियती वन प्रदान गर्दा अपनाउनुपर्ने प्रक्रियागत जटिलतालाई स्पष्टता, पारदर्शिता सहित सरलीकरण गर्न आवश्यक देखिएको छ । त्यस्तै पर्या-पर्यटनको लागि वन क्षेत्र प्रयोग गर्न सकिने तर यसको पनि पारदर्शिता सहितको प्रक्रियागत स्पष्टता नभएकोले प्रायः सै निवेदन त्यसै रहन गएका छन् । कबुलियती वनसम्बन्धी जिल्ला वन अधिकृतहरुको गोष्ठीबाट औंल्याएका समस्या र सुझावहरु, विभिन्न अध्ययन प्रतिवेदन तथा हालसम्म कबुलियती वन कार्यक्रमको कार्य प्रगति समेतले यसमा केही सुधार तथा प्रक्रियामा सरलीकरण गर्न अत्यावश्यक भएको छ ।

## ३. विद्यमान प्रक्रिया :

राष्ट्रिय वनको कुनै भाग कबुलियती वनको रूपमा प्रदान गर्ने सम्बन्धमा वन ऐन, २०४९ को परिच्छेद ६ तथा वन नियमावली, २०५१ को परिच्छेद ५ मा उल्लेख छन् ।

कुन क्षेत्र कबुलियती बनमा दिने भन्दा कुन क्षेत्र कबुलियतीमा लिने भन्नेबाट प्रक्रिया शुरु हुने विद्यमान व्यवस्था रहेको छ।



कबुलियती वन प्राप्त गर्न इच्छुक संगठित संस्था वा उद्योग वा समुदायले आफूले व्यवस्थापन गर्न चाहेको बन क्षेत्रभित्रको प्राकृतिक स्रोतको विवरण, कबुलियतमा लिन चाहेको अवधि, वातावरणमा पर्न सक्ने अवसरको सामान्य लेखाजोखासहित जिल्ला वन कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था छ ।

यस क्रममा निवेदकले विस्तृत वन कार्ययोजना, मौजुदा वन पैदावारको किसिम, जात, नाप र अन्य आवश्यक विवरणसहित कबुलियती वन दिन उपयुक्त देखिएमा क्षेत्रीय वन निर्देशकले बन विभागमार्फत मन्त्रालयमा पठाउनु पर्दछ । यस्तो निवेदनमा छानबिन/अध्ययन गरी मन्त्रालयले दिने नदिने ३० दिनभित्र अन्तिम निर्णय गर्नुपर्ने व्यवस्था छ ।

कबुलियती बन एक पटकमा बढीमा ४० वर्षसम्मको लागि हस्तान्तरण गर्न सकिने र आवश्यक भएमा अर्को ४० वर्ष थप गर्न सकिने कानूनी प्रावधान छ । वन नियमावली, २०५१ को अनुसूची २० मा उल्लेख भएअनुसार समुदाय, उद्योग र संगठित संस्थाले हिमाल, पहाड र तराईमा बेग्ला बेग्लै दरले वार्षिक दस्तुर बुझाउनु पर्ने व्यवस्था छ । जसअनुसार कुनै समुदायले हिमाली, पहाडी र तराई क्षेत्रमा कबुलियती वन पट्टामा लिँदा प्रति हेक्टर वार्षिक क्रमशः रु. २००।-, ५००।- र १०००।- बुझाउनुपर्ने व्यवस्था छ भने उद्योगले क्रमशः रु. २००।-, ६००।- र १२००।- बुझाउनुपर्दछ । त्यसै गरी संगठित संस्थाले क्रमशः रु. ४००।-, ८००।- र १५००।- बुझाउनुपर्ने गरी दस्तुर निर्धारण गरिएको छ । उक्त दस्तुरमा वार्षिक १० प्रतिशतका दरले वृद्धि हुँदै जाने व्यवस्था पनि नियमावलीमा गरिएको छ । गरिबीको रेखामुनि रहेका समुदायलाई कबुलियती वन प्रदान गर्दा कुनै दस्तुर नलाग्ने व्यवस्था पनि गरिएको छ ।

## ४. कबुलियती वन सम्बन्धमा हाल देखिएका समस्याहरु :

(क) गरिबीको रेखामुनि रहेका साना किसानलाई उपलब्ध गराउँदा :

हालसम्म करिब ७००० हेक्टर हैसियत बिग्रेको बन, बुट्यान १६६० समूहलाई हस्तान्तरण गरिएको छ, जसबाट करिब ११ हजार परिवार लाभान्वित भएका छन् ।

यसबाट नाङ्गा पाखाहरु प्रशस्त घाँस उत्पादन हुनुको साथै रुख बिरुवा हुर्की २ वर्षमै हरियाली कायम हुन थालेको, गरिब किसानको आयमा वृद्धि भएको, महिला सहभागिता बृद्धि, वन अतिक्रमण र खोरिया फडानी कम गर्न सहयोग पुऱ्याएको अनुभव गरिएको छ। यी सकारात्मक उपलब्धि हुँदा-हुँदै पनि केही समस्याहरु देखिएका छन् ।

१. कबुलियती वन समूह दर्ता गर्ने, बन हस्तान्तरण गर्ने र फिर्ता लिने अधिकार सम्बन्धित जिल्ला वन अधिकृतलाई नभएको । हाल कबुलियत वन समूह दर्ता साना किसान विकास आयोजनाले गर्ने गरेको छ भने कबुलियतीमा बन दिने निर्णय गर्ने अधिकार मन्त्रालयमा रहेको छ। यसबाट कबुलियती बनको व्यवस्थापन गर्न चाहने निरपेक्ष गरिबीको रेखामुनि रहेका समूहहरुले सो प्रयोजनको लागि एकभन्दा बढी निकायहरुमा जानुपर्ने बाध्यात्मक स्थिति आइपरेको छ भने अर्कोतिर कार्ययोजनाको स्वीकृति, बन हस्तान्तरण वा फिर्ता गर्न सकिने अधिकार बढी केन्द्रीकृत भएको गरिएको छ ।

२. गरिबीको रेखामुनि रहेका समुदायले कबुलियती वन माग गर्दासमेत संगठित संस्था वा उद्योगले अपनाउने प्रक्रिया ( जस्तो आर्थिक सम्भाव्यता प्रस्तुत गर्नुपर्ने) नै अपनाउनु पर्दा आर्थिक स्रोत र प्राविधिक क्षमताबाट बञ्चित त्यस्तो समुदाय प्रक्रियागत कारणबाटै बन प्राप्त गर्नबाट बञ्चित हुन सक्ने स्थिति देखिएको छ ।

३. गरिबीको रेखामुनि रहेको समुदायको पहिचान गर्ने आधारहरु व्यवहारिक, स्पष्ट र पारदर्शी हुनुपर्ने ।

४. कबुलियती वन आफै रोजगारी र तुरुन्त आय आर्जनको माध्यम हुन नसक्ने भएकोले अन्य आय आर्जन तथा रोजगारीको कार्यक्रम सञ्चालन गर्ने निकायको कार्यक्रममा आधारित रहनुपर्ने। जस्तै पशुपालन, साना किसान विकास कार्यक्रम, घरेलु उद्योग आदि कार्यक्रमसँग आबद्ध गरी कार्यक्रम सञ्चालन हुनु पर्ने ।



५. कबुलियती बनको रूपमा हस्तान्तरण गर्ने बन क्षेत्रको पहिचान हुन नसकेको ।

(ख) संगठित संस्था र उद्योगहरुलाई उपलध गराउँदा :

१. उद्योग तथा संघ संस्थालाई कबुलियती वन उपलब्ध गराउने सम्बन्धमा स्पष्ट कार्यविधि नै तयार हुन सकेको छैन ।

२. कबुलियती वनको रूपमा स्वस्थ प्रतिस्पर्धाको माध्यमद्वारा उपलब्ध गराउने प्रणाली नभएकोले पहुँचवालाहरुले बाक्लो तथा चक्लाबन्दी वनलाई कबुलियती वनको रूपमा माग गर्दा समयमा निर्णय हुन नसकेको ।

३. हाल खाली, पर्ती तथा हैसियत बिग्रेको वन ९म्भनचबमभम ॅयचभकत० हरु प्रायः सामुदायिक वनको रूपमा दिने गरी आएको छ। वृक्षरोपण गरी संरक्षण गरी कबुलियती वन उपलब्ध गराउने गरी अतिक्रमण भएको र झाडी बुट्यान क्षेत्रलाई कबुलियती वन दिने गरी कार्यक्रम तथा स्पष्ट नीतिको अभावमा यसतर्फ निजी क्षेत्र आकर्षित हुन नसकेको ।

४. राष्ट्रिय वनको कुनै भाग कबुलियती बनको रूपमा हस्तान्तरण गर्न सकिने भए तापनि हालसम्म के कस्तो वन क्षेत्र, कुन प्रयोजनको लागि कबुलियती वनको रूपमा उपलब्ध गराउने भन्ने सम्बन्धमा स्पष्ट नीतिगत/कार्यगत व्यवस्था नभएकोले कबुलियती वन हस्तान्तरण तथा व्यवस्थापन खास अगाडि बढ्न नसकेको ।

(ग) पर्या-पर्यटनको लागि उपलब्ध गराउँदा :

१. पर्या-पर्यटनको पूर्वाधार विकासको लागि वन क्षेत्रभित्र केही जग्गा आवश्यक पर्ने तर त्यस्तो जग्गा कबुलियतीमा दिने तथा त्यस्तो जग्गामा पूर्वाधार निर्माण गर्ने मार्ग निर्देशनहरु स्पष्ट नहुँदा नीतिगत स्पष्टता तथा प्रक्रियागत पारदर्शिताबारे लगानीकर्ताहरुलाई जानकारीको अभाव रहेको ।

२. स्पष्ट प्रक्रियाहरु किटान नभएकोले प्रचार प्रसार गरी प्रबर्द्धन गर्न नसकिएको ।



## प्रस्तावित नीति तथा कार्यान्वयन प्रक्रियाः

श्री ५ को सरकारको घोषित नीतिहरुमा स्पष्ट व्यवस्था भएको तथा कानूनी प्रक्रियाहरु पनि व्यवस्थित भएको भए तापनि प्रक्रियागत अस्पष्टता तथा राष्ट्रिय वनलाई केही प्रभावशाली व्यक्ति वा समूहको प्रभावबाट राष्ट्रिय सम्पत्तिमा एकाधिकार वा बहाल खाने वातावरण ९च्भलत क्भभपष्लन भ्लखष्चयलकभलत० हुन सक्ने परिप्रेक्ष्यमा यो नीति र कानूनी व्यवस्था खासै कार्यान्वयन हुन नसकी यसका राम्रा पक्ष समेत प्रयोगमा आउन सकेको छैन। झाडी तथा बुट्यान क्षेत्र अधिराज्यको कुल भूभागको १० प्रतिशत भन्दा बढी भएको तर, राम्रो र स्तरीय वन क्षेत्रको दुरूपयोग हुने सम्भावनाले झाडी बुट्यान क्षेत्र पनि सदुपयोग गर्न सकिएको छैन। तसर्थ राष्ट्रिय वन (राम्रो स्तरमा रहेको बाहेक) को देहायको अवस्थाको क्षेत्रलाई कबुलियती वनअन्तर्गत वन उत्पादन तथा व्यवस्थापन गर्न दिनु उपयुक्त हुने छ।

- झाडी बुट्यान क्षेत्र,
- अतिक्रमणकारीहरुबाट फिर्ता लिएको क्षेत्र,
- प्राकृतिक प्रकोपको कारण वन क्षति भई पुनः उकास भएको क्षेत्र,
- २० प्रतिशतभन्दा कम क्राउन कभर भएको वन,
- भू-संरक्षणको हिसाबले संवेदनशील क्षेत्र, आदि

यस्तो कबुलियती वन दिँदा, गरिबीको रेखामुनि भएका परिवारलाई छुट्टै कार्यविधि हुने छ भन्ने पर्या-पर्यटनको लागि वन उत्पादनभन्दा संरक्षण र पर्यटन विकासलाई जोड दिइनेछ। साथै उद्योग तथा संस्थालाई वन पैदावारको उत्पादन बढाई वातावरण संरक्षणमा जोड दिइनेछ।

५.१ गरिबीको रेखामुनिका परिवारलाई दिइने कबुलियती वन सम्बन्धमा :

(क) उद्योग तथा संघसंस्थालाई प्रदान गरिने कबुलियती वन र गरिबीका रेखामुनिका समुदायलाई प्रदान गरिने कबुलियती वनको प्रकृति र उद्देश्य विलकुलै फरक भएको तर दुवैखाले कबुलियती वन प्रदान गर्दा अपनाउनुपर्ने कानूनी प्रक्रिया र

निर्णय गर्ने अधिकार क्षेत्रीय तथा मन्त्रालय स्तरका निकायलाई दिएकोले निर्णय प्रक्रिया पूरा गर्न धेरै समय लाग्ने गरेको छ। यो स्थितिको अन्त्य गर्न संगठित संस्था वा उद्योगलाई कबुलियती वन दिने व्यवस्था सम्बन्धमा मन्त्रालय स्तरबाट निर्णय हुनुपर्ने विद्यमान व्यवस्थालाई कायमै राखी गरिबीको रेखामुनिको समुदायलाई कबुलियती वन प्रदान गर्ने सम्बन्धमा सम्बन्धित जिल्ला वन अधिकृतलाई सम्पूर्ण अधिकार दिने व्यवस्था मिलाइनेछ। यसको निमित्त गरिबीको रेखामुनिका परिवारलाई कबुलियती वन दिने कार्यक्रम लागू भएका जिल्लाहरुमा कार्यक्रमले निर्दिष्ट गरेका कृषि, पशुपालन, कुटिर तथा घरेलु उद्योग जस्ता अन्य आयमूलक कार्यक्रमसँग आवद्ध भई तयार गरिएको हकमा कार्य योजना स्वीकृत गर्ने, वन हस्तान्तरण गर्ने, पट्टा नवीकरण गर्ने, वन फिर्ता लिन सक्ने, अनुगमन गर्ने, आदि कार्यको लागि एकद्वार प्रणाली अनुरूप हुने गरी सम्बन्धित जिल्ला बन अधिकृतलाई नै जिम्मेवारी सुम्पिने। यसको अनुगमन सम्बन्धित क्षेत्रीय वन निर्देशनालयबाट गरिने छ।

(ख) गरिबीको रेखामुनिका समुदायले कबुलियती वन माग गरेको अवस्थामा यस्ता समुदायमा अन्य निकायहरु सञ्चालन हुने कार्यक्रम समेत एकीकृत रूपमा जाने तर बनको मात्र छुट्टै आर्थिक सम्भाव्यता प्रतिवेदन बनाइ रहनु नपर्ने नीति लिने।

(ग) गरिबीको रेखामुनि रहेका परिवारहरुको पहिचान गर्ने आधारहरु राष्ट्रिय योजना आयोग तथा अन्य सम्बद्ध निकायहरुसँग समन्वय गरी तय भएमोजिम स्पष्ट गरिनेछ।

(घ) कबुलियती वनभित्र रहेका पुराना रुखहरुको संरक्षण गरेबापत उक्त रुखहरुबाट प्राप्त हुने आम्दानीको केही हिस्सा कबुलियती वन समूहलाई दिने नीति लिइनेछ।

५.२ उद्योग तथा संघ संस्थालाई प्रदान गरिने कबुलियती बन :

(क) झाडी बुट्यान भएको क्षेत्र, अतिक्रमण, उठाइएको क्षेत्र तथा साह्रै पातलो २० प्रतिशतभन्दा कम क्राउन कभर रुख विरुवा



भएको, प्राकृतिक प्रकोपमा परी क्षति भई पुनः उकास भएको, भू-संरक्षणको हिसाबले संवेदनशील क्षेत्रलाई वन संरक्षण, विकास तथा व्यवस्थापन कार्यको लागि कबुलियतीमा दिइनेछ।

(ख) यस्तो कबुलियतीमा दिइने बनको स्थान क्षेत्रफल आदि सम्बन्धित जिल्लाले एकीन गरी क्षेत्रीय वन निर्देशनालयलाई जानकारी गराउनुपर्नेछ। यस्तो वन क्षेत्र एकीन गर्दा जिल्ला वन कार्यालयले वन ऐन, २०४९ को दफा ३० बमोजिम सामुदायिक वनको लागि उपयुक्त हुने नहुने आफ्नो राय पनि पठाउनु पर्ने हुन्छ। प्रत्येक जिल्ला वन कार्यालयहरुमा केकस्ता कबुलियती वनहरु कुन ठाउँमा कति क्षेत्रफलमा छन् र कुन-कुन क्षेत्रमा कबुलियती वन दिन उपयुक्त हुन्छ, सोको लगत तयार गरी त्यसलाई वार्षिक रूपमा क्षेत्रीय वन निर्देशनालयलाई जानकारी दिई जिल्लाको लगत अध्यावधिक तुल्याउँदै लैजानु पर्नेछ।

(ग) सम्बन्धित जिल्ला वन कार्यालयले यसरी कबुलियती वन क्षेत्रको रूपमा हस्तान्तरण गर्न सकिने वन क्षेत्रको पहिचान गर्दा देहायका आधारहरु ९ऋचष्तभचष्ब० लाई मार्गदर्शकको रूपमा लिनु पर्नेछ :

- ठूलो क्षेत्रफल भएको विद्यमान चक्ला वनबाट कबुलियती वन नदिने।
- प्रस्तावित वन क्षेत्रको हैसियत बिग्रेको अर्थात् २० प्रतिशतभन्दा कम ऋचयधल ऋयखभचबनभ भएको क्षेत्र हुनुपर्नेछ।
- बस्ती नजिकको तथा ठूलो र घना जङ्गलभन्दा छुट्टै भएको क्षेत्रलाई प्राथमिकता दिनुपर्नेछ।
- भू-संरक्षणको हिसाबले संवेदनशील क्षेत्रलाई वृक्षरोपणबाट संरक्षण गर्न सकिने गरी प्राथमिकता दिनु पर्नेछ।
- प्रस्तावित वन क्षेत्रमा सार्वजनिक महत्वका संस्थापनाहरु जस्तै : खानेपानी मुहान, मठ मन्दिर, आदि भएमा सनातनदेखि चलिआएको परम्परा कायम रहने व्यवस्था हुनु पर्छ।

- प्रस्तावित वन क्षेत्रमा सार्वजनिक महत्वका संस्थापनाहरु जस्तै खानेपानी मुहान, मठ मन्दिर आदि भएमा सनातनदेखि चलिआएको परम्परा कायम रहने व्यवस्था हुनु पर्छ ।

(घ) प्रकरण (ग) बमोजिम कबुलियत वनको रूपमा हस्तान्तरण गर्न सकिने वन क्षेत्रको पहिचान गरिसकेपछि सम्बन्धित जिल्ला वन कार्यालयले सोको लगत र नक्सासमेत तयार गरी कुन-कुन वन बुट्यान क्षेत्रलाई कुन प्रयोजनको लागि प्रदान गर्न सकिने हो सो समेतको रायसहित क्षेत्रीय वन निर्देशनालयमा स्वीकृतिको लागि पठाउनु पर्नेछ ।

(ङ) क्षेत्रीय वन निर्देशनालयले उक्त वन क्षेत्र दिगो रूपमा व्यवस्थापन गर्न आधारहरु समेत खुलाई इच्छुक संगठित संस्था वा उद्योगाट वन, वातावरण र जैविक विविधताको संरक्षण कार्यलाई दीगो तुल्याई राख्न देहायका कार्यहरु गर्न निषेध गरी खुला रूपमा प्रस्ताव आह्वान गर्नेछ :

- वन विभागको पूर्व स्वीकृति बेगर वन क्षेत्रभित्र बग्ने नदीनाला, खोलाको स्रोत थुनछेक गर्ने वा फर्काउने,
- वन एवं वनस्पतिका विकासमा अवरोध पुऱ्याउने, जीवजन्तुको वासस्थानमा हानी नोक्सानी पुऱ्याउने, प्राकृतिक वा भौतिक स्वरूप विगार्ने र सीमसार क्षेत्रको पर्यावरवणीय स्थितिमा प्रतिकूल असर पुऱ्याउने,
- जलचर वा अन्य कुनै किसिमका जनावर पशुपन्छी वा जीवजन्तुलाई हानी नोक्सानी हुने गरी कुनै किसिमको विषादी प्रयोग गर्ने,
- ढुंगा, गिट्टी, बालुवा झिक्ने वा खानी सञ्चालन गर्ने, वरिपरीका स्थानीय वासिन्दाको सामाजिक रीतिरीवाजमा अवरोध पुग्ने कार्य गर्ने गराउने वा बाटोघाटो खोलानालाको निर्वाध उपयोगजस्ता पारम्परिक अधिकारको उपयोगमा व्यवधान उत्पन्न गराउने ।



(च) माथि प्रकरण (ङ) मा आह्वान गरिएबमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले देहायका कुराहरु स्पष्ट रूपले उल्लेख गर्नु पर्नेछ :

- कबुलियती बनको रूपमा लिन चाहेको स्थान र चार किल्ला
- कबुलियती वनको रूपमा प्राप्त गर्न चाहेको बनको क्षेत्रफल,
- बन विकास कार्ययोजनाको खाका, खास गरी वन पैदावारको किसिम, उत्पादन र दिगो उपयोगसम्बन्धी कुराहरु,
- कबुलियती वन क्षेत्रभित्र कुनै किसिमको भौतिक निर्माण ( घर टहरा आदि) गरिने भए सोको विवरण,
- श्री ५ को सरकारलाई बुझाउने वार्षिक दस्तुर तथा करका प्राधानहरु,
- उक्त क्षेत्र श्री ५ को सरकारलाई फिर्ता बुझाउँदा कायम हुने बनको अनुमानित स्वरूप र वन पैदावारहरुको सम्बन्धी विवरण, कम्तीमा पनि पट्टा लिएको अवस्थामा भए अनुसार हुनुपर्ने छ। यस्तो नभएमा सोको हर्जाना लगाउन सकिनेछ ।
- अन्य आवश्यक कुराहरु ।

(छ) प्राप्त प्रस्तावहरुलाई ऐनको दफा ३२ (२) बमोजिम प्राविधिक तथा आर्थिक मूल्यांकन गरी विभागमार्फत मन्त्रालयमा पेश गर्ने । यस्तो प्रस्तावहरु प्राविधिक तथा आर्थिक मूल्यांकनलाई वन विभागको महानिर्देशकको संयोजकत्वमा सम्बन्धित क्षेत्रीय निर्देशनालयका क्षेत्रीय निर्देशक, वन तथा भू-संरक्षण मन्त्रालयका प्रमुख लेखा नियन्त्रक तथा वन विभागका कानून अधिकृत समेतको समितिले जाँचबुझ गरी मन्त्रालयमा सिफारिस गर्नेछ। यस्तो जाँचबुझ गर्दा देहायको आधारलाई प्राथमिकता साथ भारित गरी मूल्यांकन गर्नेछ ।

- जैविक विविधता संरक्षण हुने गरी वन विकास गरी वातावरण संरक्षण,

- श्री ५ को सरकारलाई प्रत्यक्ष रूपमा बुझाउने दस्तूर र राजस्व,
- कबुलियती वन लिने क्षेत्र वरिपरी रहेका जनताको लागि प्रत्यक्ष रोजगारीको अवसर सिर्जना,
- भू-क्षय तथा प्राकृतिक प्रकोप नियन्त्रण,
- औद्योगिक क्रियाकलाप वृद्धि हुने अन्य आयमूलक कार्यक्रम, आदि ।

(ज) प्रस्तावहरुको मूल्यांकन पछि विभागबाट महानिर्देशकको सिफारिस साथ प्राप्त सबैभन्दा उपयुक्त प्रस्तावको सम्बन्धमा ऐनको दफा ३२ (३) बमोजिम ३० दिनभित्र मन्त्रालयले निर्णय दिनु पर्नेछ ।

## ५.३ पर्या-पर्यटन ९भ्अय(त्यगचष्क० को लागि प्रदान गरिने कबुलियती वन

पर्या-पर्यटनको लागि बुँदा ५.२ बमोजिम छुट्याइएको वा राष्ट्रिय वनको कुनै भाग कबुलियती वनको रूपमा उपलब्ध गराउँदा माथि उल्लेख गरिएदेखि बाहेक देहाय बमोजिम विशेष कार्यनीतिहरु समेत अवलवम्वन गरिनेछन् :

(क) पर्या-पर्यटनको लागि कबुलियती वन प्राप्त गर्दा देहायको शर्तहरु कायम गरिने छन् :

- होटल, रिसोर्ट सञ्चालन गर्दा कबुलियती वन लिएको क्षेत्रफलको बढीमा २० प्रतिशत सम्मको क्षेत्रफल वा पाँच हेक्टरसम्म, जुन कम हुन्छ त्यति क्षेत्रफलमा मात्र घर, स्वीमिङ पुल, टहरा, पार्किङ ग्यारेज आदि निर्माण गर्न दिने व्यवस्था गरिनेछ ।
- यसरी होटल, रिसोर्टहरु सञ्चालन गर्नुपूर्व वातावरण संरक्षण ऐन तथा नियमावली अनुसार वातावरणीय प्रभाव मूल्यांकन गरी सोको प्रतिवेदनमा उल्लिखित प्रभाव न्यूनीकरणका उपायहरु अनिवार्य रूपमा अवलम्वन गर्न लगाइनेछ ।
- जैविक विविधता संरक्षण एवं वन विकास गर्नुपर्ने शर्त अनिवार्य हुनेछ ।



- राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रभित्रको पर्या-पर्यटनसम्बन्धी विषय सोही निकुञ्ज र क्षेत्रको पर्यटन योजना तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा तत्सम्बन्धी नियमावली बमोजिम हुनेछ ।

(ख) पर्यटन उद्योगलाई आवश्यक पर्ने वन क्षेत्र र त्यस क्षेत्रमा पर्यटन व्यवसाय सञ्चालन गर्ने कार्ययोजना सहित देहायको विवरण खुलेको आवेदन सम्बन्धित जिल्ला वन कार्यालयमा दिनु पर्नेछ ।

- पर्यटन व्यवसायको किसिम, वार्षिक पर्यटकको संख्या ।
- स्थायी निर्माण गरिने कुराहरु, बनोटको किसिम, ओगटेको क्षेत्रफल, प्रयोजनको किसिम ।
- कुल क्षेत्रफल चाहिने ।
- वन पैदावार संरक्षण र थप वृक्षरोपण गरिने विरुवाको किसिम आदि ।
- श्री ५ को सरकारलाई बुझाउने दस्तुर, राजश्व ।
- पर्यटन व्यवसायको पूर्ण कार्ययोजना, अनुमानित लागत, प्रतिफलको प्रयोजन, आदि विविध योजना ।
- पर्या-पर्यटनमा पैदल यात्रा आदि हुने भए सोको क्षेत्र र दुरी आदि ।

(ग) क्षेत्रीय निर्देशकको मूल्यांकन र जाँचबुझ पछि विभाग मार्फत मन्त्रालयमा पेश गरिएको प्रस्तावको मूल्यांकन बुँदा ५.२ (छ) मा व्यवस्थित समितिले नै गर्नेछ । यस्तो मूल्यांकन समितिमा आवश्यकताअनुसार समितिले सम्बन्धित विशेषज्ञलाई पनि आमन्त्रितको रूपमा बोलाउने वा सम्बन्धित निकायको प्रतिक्रिया लिन सक्नेछ ।

(घ) समितिको सिफारिसको आधारमा बुँदा ५.२ मा उल्लिखित प्रक्रियाअनुसार नै श्री ५ को सरकारको निर्णय गराई पर्या-पर्यटनको लागि वन क्षेत्र कबुलियतीमा उपलब्ध गराइनेछ ।

## कबुलियती वनसम्बन्धी विद्यमान व्यवस्था



# प्रस्तावित व्यवस्था
(उद्योगको लागि)

जि.व.का.ले सम्भावित क्षेत्रको पहिचान गरी क्षे.व.नि. समक्ष सिफारिस गर्ने

**कबुलियतीमा दिइने वन क्षेत्र**

१. झाडी बुट्यान क्षेत्र
२. २०% भन्दा कम ऋचयधल ऋयखभचबनभ भएको क्षेत्र
३. प्राकृतिक प्रकोपमा परी पुन: उकास भएको क्षेत्र
४. अतिक्रमणबाट फिर्ता भएको क्षेत्र
५. भू-संरक्षणको हिसाबले संवेदनशील क्षेत्र

**प्रस्तावमा खुलाउनुपर्ने कुराहरु**

१. कबुलियतीमा लिन चाहेको वनको क्षेत्रफल, स्थान र चारकिल्ला
२. वन विकास कार्य योजनाको खाका
३. भौतिक निर्माणको विवरण
४. वार्षिक दस्तुर र कर
५. फिर्ता बुझाउँदाको अवस्थामा कायम हुने वनको अनुमानित स्वरूप आदि

क्षेत्रीय वन निर्देशनालयले सार्वजनिक प्रस्ताव आह्वान र मूल्यांकन गर्ने (दफा ३० बमोजिम उपयुक्तताको निर्णय गरी)

**प्रस्तावकले पालना गर्नुपर्ने शर्तहरु**

१. वन क्षेत्रभित्रको पानीको प्राकृतिक वहाव कायम गर्नु पर्ने
२. वन, वनस्पति र वन्यजन्तुको विकासमा अवरोध पुऱ्याउन नहुने
३. पर्यावरणीय स्थितिमा प्रतिकूल प्रभाव पार्न नहुने
४. ढुंगा, गिटी, बालुवा खानी सञ्चालन गर्न नहुने
५. बाटोघाटोमा अवरोध पुऱ्याउन नहुने ।
६. सामाजिक रीतिरिवाजमा अवरोध पुऱ्याउन नहुने

विभागले जाँचबुझ र मूल्यांकन गर्ने

**प्रस्ताव मूल्यांकन गरिने आधारहरु**

१. जैविक विविधता र वातावरण संरक्षण
२. रोजगारीका अवसर सिर्जना
३. वार्षिक कर तथा दस्तुर
४. भू-क्षय तथा प्राकृतिक प्रकोप नियन्त्रण
५. औद्योगिक क्रियाकलापमा वृद्धि ।

# वन ऐन, २०४९

परिच्छेद-६

## कबुलियती वनसम्बन्धी व्यवस्था

३१. कबुलियती वन प्रदान गर्ने : श्री ५ को सरकारले देहायका उद्देश्यहरुको लागि राष्ट्रिय वनको कुनै भाग कबुलियती वनको रूपमा प्रदान गर्न सक्नेछ :

(क) वन पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी विक्री वितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी पर्यटन व्यवसाय सञ्चालन गर्न

(घ) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली कार्यसञ्चालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी कीट, पत□ तथा वन्यजन्तुको फार्म सञ्चालन गर्न ।

३२. कबुलियती वनको पट्टा : (१) दफा ३१ मा उल्लिखित उद्देश्यहरुको लागि कबुलियती वन लिन चाहने प्रचलित कानूनबमोजिम स्थापित संगठित संस्था, उद्योग वा समुदायले कबुलियती वनको रूपमा लिन चाहेको वनको क्षेत्रफल र चार किल्ला, उद्देश्य प्राप्त गर्नको लागि गरिने कार्यहरुको योजनाबद्ध कार्यक्रम तथा तोकिएको अन्य विवरणहरु र आर्थिक सम्भाव्यता प्रतिवेदनसहित क्षेत्रीय वन निर्देशक समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन पर्न आएमा क्षेत्रीय वन निर्देशकले आवश्यक जाँचबुझ गरी निवेदकले माग गरेबमोजिम वा त्यसमा घटबढ गरी कबुलियत वन प्रदान गर्न उपयुक्त देखिएमा आफ्नो सिफारिश सहित स्वीकृतिको लागि



विभागमार्फत मन्त्रालयमा लेखी पठाउनु पर्नेछ । त्यसरी लेखी पठाउँदा निवेदकको मागमा थपघट गरिएका भए निवेदकको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृतिको लागि लेखी आएपछि मन्त्रालयले तत्सम्बन्धी पत्र प्राप्त भएको मितिले तीस दिनभित्र स्वीकृति दिने नदिने कुराको निर्णय गर्नेछ र त्यसको जानकारी विभाग मार्फत क्षेत्रीय वन निर्देशकलाई दिनेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएपछि मन्त्रालयले स्वीकृति दिने निर्णय गरेकोमा त्यस्तो जानकारी प्राप्त भएको मितिले तीस दिनभित्र क्षेत्रीय वन निर्देशकले तोकिए मोजिम, वनसम्बन्धी पट्टा तयार गरी तोकिएको दस्तुर लिई निवेदकलाई सो पट्टासहित कबुलियती बन प्रदान गर्नु पर्नेछ र मन्त्रालयले स्वीकृति नदिने निर्णय गरेकोमा त्यस्तो जानकारी प्राप्त भएको मितिले तीन दिनभित्र त्यसको जनाउ निवेदकलाई दिनु पर्नेछ ।

३३. कबुलियती वन फिर्ता लिन सकिने : (१) दफा ३२ बमोजिम प्रदान गरिएको कबुलियत वनमा पट्टावालाले वनसम्बन्धी पट्टाबमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने कुराहरु पालन नगरेमा क्षेत्रीय वन निर्देशकले तोकिए बमोजिम वनसम्बन्धी पट्टा खारेज गरी त्यस्तो कबुलियती वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर त्यसरी वन सम्बन्धी पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित पट्टावालालाई आफ्नो सफाइ पेश गर्ने मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम क्षेत्रीय वन निर्देशकले गरेको निर्णयउपर चित्त नबुझ्ने पट्टावालाले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३४. <u>कबुलियती वनमा बाटो, खोला बन्द गर्न सकिने</u> : कुनै कबुलियती वनभित्रको जो सुकैको निजी वा सार्वजनिक बाटो वा खोला बन्द गर्नु परेमा सम्बन्धित पट्टावालाले त्यसरी बन्द गर्नुअगावै त्यसको सट्टा यथासम्भव त्यत्तिकै सुविधाजनक बाटो वा खोला उपलब्ध गराई दिनुपर्नेछ ।



# वन नियमावली २०५१

परिच्छेद-५

## <u>कबुलियती वन</u>

३९. <u>कबुलियती वन प्रदान गर्ने प्रक्रिया</u> : (१) कबुलियती वन लिन चाहने संगठित संस्था, उद्योग वा समुदायले ऐनमा उल्लिखित कुराहरुको अतिरिक्त देहायबमोजिमको विवरणहरु खुलाई आर्थिक सम्भाव्यता प्रतिवेदन सहित जिल्ला वन कार्यालय मार्फत वा सोझै निर्देशक समक्ष अनुसूची - १८ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :

(क) कबुलियती वनको अवधि,

(ख) वातावरणमा पर्न सक्ने असरको सामान्य लेखाजोखा,

(ग) वन क्षेत्रभित्र रहेका वन पैदावार तथा अन्य प्राकृतिक स्रोतको विवरण,

(घ) वन क्षेत्रभित्र रहेका बाटो, नहर, बाँध, खानी आदिको विवरण,

(ङ) अन्य आवश्यक विवरणहरु ।

(२) उपनियम (१) बमोजिमको निवेदनमा माग गरेको वन क्षेत्र कबुलियती वनको रूपमा प्रदान गर्न उपयुक्त भएमा निर्देशकले सो वन क्षेत्र वरिपरी बसोबास गर्ने उपभोक्ताहरुलाई उक्त वन क्षेत्र सामुदायिक वनको रूपमा लिन चाहने हो वा नचाहने हो सो जानकारीको लागि पैंतीस दिनको म्याद दिई सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका र अन्य सार्वजनिक स्थानमा सूचना प्रकाशत गर्न जिल्ला वन कार्यालयलाई निर्देशन दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचनाको म्यादभित्र उक्त वन क्षेत्र वरिपरी बसोबास गर्ने उपभोक्ताहरुले सो वन क्षेत्र सामुदायिक वनको रूपमा लिन चाहेमा निर्देशकले कबुलियती वनको लागि

माग गरिएको निवेदनलाई मुलतवी राखी तीन महिनाभित्र उपभोक्ता समूह गठन गर्न जिल्ला वन कार्यालयलाई निर्देशन दिनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिमको म्यादभित्र निवेदन नपरेमा वा उपनियम (३) बमोजिमको म्यादभित्र उपभोक्ता समूह गठन नभएमा कबुलियती वनको रूपमा दिन उपयुक्त देखिएमा निर्देशकले निवेदकसँग देहायबमोजिमको थप विवरण माग गर्नु पर्नेछ :

(क) विस्तृत कार्ययोजना,

(ख) उक्त क्षेत्रमा रहेका रुखहरुको जात र नाप पैमाइस सहितको विवरण,

(ग) भएका रुखहरु हटाउनु पर्ने भएमा सोको योजना,

(घ) कबुलियती वनको अवधि समाप्त हुँदाको बखतको वनको स्थिति,

(ङ) अन्य आवश्यक प्राविधिक कुराहरू ।

(५) उपनियम (४) बमोजिमको विस्तृत कार्ययोजना तयार गर्ने सिलसिलामा निवेदकले सो वन क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरु माग गरेमा उपलब्ध भएसम्मका तथ्याङ्कहरु निवेदकलाई जिल्ला वन अधिकृत वा निर्देशकले विना दस्तुर उपलब्ध गराउनु पर्नेछ ।

(६) एउटै वन क्षेत्र एकभन्दा बढी संगठित संस्था, उद्योग वा समुदायबाट कबुलियती वनको रूपमा लिन निवेदन परेमा गरिबीको रेखामुनिका अधिकांश व्यक्तिहरु रहेको समुदायलाई पहिलो प्राथमिकता र वृक्षारोपण गरी वन पैदावार उत्पादन गर्ने वन पैदावारमा आधारित उद्योगलाई दोस्रो प्राथमिकता दिइनेछ ।

(७) कुनै समुदायलाई कबुलियती वन सुम्पँदा कुनै प्राविधिक सहयोग आवश्यक भएमा जिल्ला वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

४०. कबुलियती वन सुम्पने विशेष व्यवस्था : (१) श्री ५ को सरकारले गरिवीको रेखामुनि रहेका समुदायहरुको निमित्त कबुलियती



वनसम्बन्धबि आयोजना तयार पारी सो आयोजनाबाट लाभ पाउने व्यक्तिहरुलाई कबुलियती वन सुम्पन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कबुलियती वन सुम्पनुभन्दा अगाडि कबुलियती वनसम्बन्धी आयोजनाले सम्बन्धित समुदायलाई कार्ययोजना तयार गर्न लगाई सो कार्ययोजना स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सुम्पिएको कबुलियती वनमा रहेका वन पैदावारको उपयोग र संरक्षण कार्ययोजनामा तोकिएबमोजिम नै हुनेछ ।

४१. कबुलियती वनको पट्टा र दस्तुर : ऐनको दफा ३२ को उपदफा (४) बमोजिम मन्त्रालयले कबुलियती वन प्रदान गर्न स्वीकृति दिएमा निर्देशकले अनुसूची १९ बमोजिमको ढाँचामा कबुलियती वनको कबुलियतनामा तयार गरी अनुसूची २० मा उल्लिखित वार्षिक दस्तुर लिई निवेदकलाई अनुसूची २१ बमोजिमको पट्टा सहित कबुलियती वन प्रदान गर्नु पर्नेछ ।

४२. कबुलियती वनको लगत : कबुलियती वन सुम्पिएपछि त्यसको लगत क्षेत्रीय वन कार्यालयमा राखी सोको जानकारी जिल्ला वन कार्यालयलाई दिनुपर्नेछ ।

४३. कबुलियतको म्याद थप सम्बन्धी व्यवस्था : (१) पट्टावालाले कबुलियतमा उल्लिखित म्यादभित्र कार्ययोजना अनुसार कार्य सञ्चालन गर्न नसकेमा सोको मनासिव माफिकको कारण देखाई निवेदन दिएमा र श्री ५ को सरकारले मनासिव देखेमा कबुलियतको म्याद बढीमा ६ महिनाको लागि थप गर्न सक्नेछ । सो म्यादभित्र पनि कार्य सञ्चालन गर्न नसकेमा त्यस्तो कबुलियती बनको कबुलियतनामा खारेज गरिनेछ ।

४४. कबुलियती वनको संरक्षण : (१) कबुलियती बनको संरक्षणको व्यवस्था पट्टावाला आफैले गर्नु पर्नेछ ।

(२) पट्टावालाले कबुलियती वनको संरक्षणको लागि कुनै सहयोग मागेमा जिल्ला वन अधिकृतले उपयुक्त सहयोग प्रदान

गर्नुका साथै अन्य निकायलाई सहयोगको लागि सिफारिस गरिदिनु पर्नेछ ।

४५. कबुलियती वनमा गर्न नहुने काम : (१) कबुलियती वनमा देहायको कुनै कार्य गर्न वा गराउन हुँदैन :

(क) कबुलियती बनले चर्चेको जग्गा बिक्री गर्न, धितो राख्न वा कुनै किसिमले हक हस्तान्तरण गर्न,

(ख) कार्ययोजनाले गर्न हुने भनी तोके बाहेकका अन्य कार्य गर्न ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कबुलियती वनको विकासको लागि आफूले लगाई हुर्काएको वन पैदावार धितो बन्धक राखी वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

४६. हक हस्तान्तरण वा विक्री गर्न सकिने : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कबुलियतको एक तिहाई अवधिसम्म सन्तोषजनक रूपमा काम गर्ने पट्टावालाले आफ्नो अधिकार अन्य कुनै संगठित संस्था, उद्योग वा समुदायलाई हस्तान्तरण वा बिक्री गर्न सक्नेछ । यसरी आफ्नो हक हस्तान्तरण वा बिक्री गर्नुपर्दा सम्बन्धित पट्टावालले मन्त्रालयको पूर्वस्वीकृति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम हक हस्तान्तरण वा बिक्रीको स्वीकृतिको लागि निवेदन पेश भएकोमा मन्त्रालयले सो वनमा पट्टावालाले लगाएको वा हुर्काएको वन पैदावार श्री ५ को सरकारको तर्फबाट खरिद गर्न चाहेमा सो वन पैदावारको अनुसूची-२ बमोजिमको मूल्य बराबरको रकम पट्टावालालाई बुझाई खरिद गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम हस्तान्तरण वा बिक्री गरिएका कबुलियती वन कुनै संगठित संस्था, उद्योग वा समुदायले खरिद गरेमा साविक पट्टावालाले श्री ५ को सरकारसँग गरेको कबुलियतनामा निज खरिदकर्तामा हस्तान्तरण भएको मानिनेछ ।



(४) उपनियम (१) बमोजिम हस्तान्तरण वा बिक्री भएको कबुलियती वनको पट्टामा निर्देशकले त्यसरी कबुलियती वन हस्तान्तरण वा बिक्री भएको व्यहोरा जनाई आफ्नो लगत अद्यावधिक बनाइ राख्नु पर्नेछ ।

४७. वन पैदावारको उत्पादन तथा उपभोग : (१) कबुलियती वनको बन पैदावार उपभोग वा बिक्री वितरण गर्दा कार्ययोजनाले निर्दिष्ट गरेको परिमाण बमोजिमको वन पैदावार मात्र उपभोग वा बिक्री वितरण गर्न सकिनेछ ।

(२) पट्टावालाले कबुलियती वनमा वृक्षरोपण गरेको वन पैदावारको जात र परिमाण खुलाई प्रत्येक वर्ष जिल्ला वन कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

(३) पट्टावालाले फलामे टाँचा बनाई जिल्ला वन कार्यालयमा टाँचा दर्ता गराई पाउँ भनी निवेदन दिनु पर्नेछ । सो निवेदनउपर टाँचाको नाम दोहोरो नपर्ने गरी जिल्ला वन अधिकृतले टाँचा दर्ता गरी दिनुपर्नेछ ।

(४) कबुलियती वनको वन पैदावार ओसारपसार गर्दा उपनियम (३) बमोजिमको टाँचा लगाई सोको अग्रीम जानकारी जिल्ला वन कार्यालयमा दिई बाटोमा पर्ने जाँच वकिलहरूबाट दरपिट गराई लैजानु पर्नेछ ।

४८. कबुलियती वन प्रदान गर्दाका रुखहरुको स्वामित्व : (१) कबुलियती वन प्रदान गर्दा त्यसमा भएको रुखहरुको स्वामित्व श्री ५ को सरकारको हुनेछ । त्यस्ता रुखहरुको व्यवस्थापन र सुरक्षा गर्ने प्रावधान कार्ययोजनामा उल्लेख गरी त्यस्ता रुखहरु पट्टावालाले जिम्मामा लिनुपर्नेछ ।

(२) ऐनको दफा ३१ को खण्ड (क) र (ख) को उद्देश्यको लागि कबुलियती वन प्रदान गर्दा ज□लको प्रकृति हेरी त्यहाँ रहेको रुखहरुको मूल्यांकन गरी सोको बढीमा दश प्रतिशतसम्मको रकम त्यस्तो कबुलियती बनको पट्टावालाबाट धरौटी वा बैंक ग्यारेन्टी लिन सकिनेछ ।

तर गरिवीको रेखामुनिका समुदायलाई कबुलियती वन प्रदान गर्दा त्यस्तो धरौटी लिइने छैन ।

(३) उपनियम (१) बमोजिमका रुखहरु कटान गर्दा पट्टावालाले जिल्ला वन कार्यालयको रेखदेखमा कटान गरी प्राप्त भएको वन पैदावारको कार्ययोजना अनुसार पट्टावालाले लिन चाहेमा पहिलो पाँच वर्षसम्मको लागि अनुसूची २ बमोजिमको मूल्य लिई विक्री गरिनेछ ।

तर पट्टावालाले लिन नचाहेमा सरकारद्वारा व्यवस्थित वनमा भएको व्यवस्थाअनुसार विक्री वितरण गरिनेछ ।

४९. कबुलियती वनको दस्तुर : (१) पट्टावालाले प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तसम्ममा अनुसूची २० बमोजिमको वार्षिक दस्तुर जिल्ला वन कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र दस्तुर नबुझाउने पट्टावालालाई पौष मसान्तसम्मको लागि दश प्रतिशत, चैत्र मसान्तसम्मको लागि पचास प्रतिशत र अर्को आषाढ मसान्तसम्मको लागि सत प्रतिशत जरिवाना गरी दस्तुर असूल गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र दस्तुर नबुझाउने पट्टावालाको पट्टा खारेज हुनेछ ।

तर पट्टावालाले दस्तुर बुझाउन नसकेको कारण खुलाई श्री ५ को सरकार समक्ष निवेदन दिएमा र श्री ५ को सरकारलाई मनासिव लागेमा उपनियम (२) बमोजिम जरिवानासहित लाग्ने जम्मा दस्तुरमा सत प्रतिशत थप जरिवाना थप लिई एक वर्षसम्म पट्टा कायम राख्न सक्नेछ ।

५०. कबुलियती वनको अवधि : (१) कबुलियती वन बढीमा चालीस वर्षसम्मको लागि सुम्पन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम कबुलियती वनको अवधि निर्धारण गर्दा कार्ययोजना बमोजिम त्यस्तो बनमा लगाइने वन पैदावारको किसिम र त्यस क्षेत्रमा सञ्चालन गरिने कार्यक्रमलाई आधार मानी गर्नुपर्नेछ ।



(३) पट्टावालाले कार्ययोजना र कबुलियतनामा बमोजिम सन्तोषजनक रूपले कबुलियती वन सञ्चालन गरेको देखिएमा र पट्टावालाले चाहेमा त्यस्तो वन क्षेत्रलाई थप चालीस वर्षसम्मको लागि पुनः सुम्पन सकिनेछ ।

५१. पट्टाको नक्कल दिन सकिने : (१) कबुलियती वनको पट्टा हराएमा, च्यातिएमा, नष्ट भएमा वा अरु कुनै प्रकारले काम नलाग्ने भई सोको प्रतिलिपि लिन परेमा पट्टावालाले निर्देशक समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा निर्देशकले कबुलियती वनको पट्टाको प्रतिलिपि दिनु पर्नेछ ।

५२. मूल्यांकन : (१) पट्टावालाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र कबुलियती वनको वार्षिक प्रतिवेदन निर्देशक समक्ष पेश गर्नुपर्दछ ।

(२) निर्देशक वा निजले तोकेको अधिकृतले पट्टावाला वा निजको प्रतिनिधिको रोहवरमा कम्तीमा वर्षको एक पटक कबुलियती बनमा कार्ययोजना बमोजिम कार्य गरे नगरेको अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालय र विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदनको व्यहोराबाट पट्टावालाले निषेधित कार्य गरेको भन्ने देखिएमा सोको छानविन नहुन्जेल निर्देशकले कबुलियती बनको वन पैदावार उपभोग वा संकलन गर्न नपाउने गरी वा कार्ययोजना बमोजिमको कुनै कार्य गर्न नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

५३. पट्टा खारेज गर्न सक्ने : (१) पट्टावालाले पट्टा बमोजिम कार्य सञ्चालन गर्न नसकेको, वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेको वा ऐन वा यस नियमावली बमोजिम पालना गर्नुपर्ने कुराहरु पालन नगरेको भनी उजुरी परेमा वा अन्य कुनै स्रोतबाट पट्टावालाले निषेधित कार्य वा कार्ययोजना विपरीत कार्य गरेको देखिएमा निर्देशकले प्राविधिक कर्मचारी खटाई पट्टावाला वा

निजको प्रतिनिधिको रोहवरमा स्थलगत निरीक्षण गरी सोको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको स्थलगत निरीक्षण प्रतिवेदनबाट वा नियम ५२ को उपनियम (२) बमोजिम पेश भएको मूल्याङ्कन प्रतिवेदनबाट पट्टावालाले निषेधित कार्य गरेको देखिन आएमा निर्देशकले सम्बन्धित पट्टावालालाई बढीमा पैंतीस दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पट्टावालाले पेश गरेको सफाई सन्तोषजनक नभएमा त्यस्तो सफाइ पेश भएको मितिले पैंतालिस दिनभित्र निर्देशकले पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय भएकोमा त्यस्तो कबुलियती वनमा पट्टावालाले लगाई हुर्काएको वन पैदावारको हकमा निर्देशकले जिल्ला वन कार्यालयलाई उक्त वन पैदावारको मूल्यांकन गर्न लगाई अनुसूची - २ बमोजिमको रकम क्षतिपूर्ति वापत पट्टावालालाई दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम गरिएको वन पैदावारको मूल्यांकनमा पट्टावाला सहमत नभएमा मध्यस्थता ऐन, २०३८ बमोजिम उक्त विवाद टुङ्गो लगाइनेछ ।

(६) उपनियम (४) वा (५) बमोजिम निर्धारण भएको क्षतिपूर्ति दिँदा पट्टावालाले पट्टामा उल्लिखित शर्त विपरीत काम गरेको कारण भएको हानी नोक्सानीको विगो वापतको रकम कट्टा गरी बाँकी रकम मात्र पट्टावालालाई दिनु पर्नेछ ।

५४. कार्ययोजनामा संशोधन : कबुलियती वनको कार्ययोजना संशोधन गर्नु परेमा मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्नेछ ।



अनुसूची-१८
(नियम ३९ को उपनियम (१) सँग सम्बन्धित)

## कबुलियती वन दर्ताको लागि दिइने निवेदन

श्री क्षेत्रीय वन निर्देशकज्यू,

................क्षेत्रीय वन कार्यालय,

...............................।

वन ऐन, २०४९ र वन नियमावली, २०५१ को अधीनमा रही वनको संरक्षण र विकास गर्ने गरी वन पैदावार उत्पादन गर्न कृषि वन बाली ल गाउन, पर्यटन व्यवसाय सञ्चालन गर्न, कीट पत□, वन्यजन्तु फर्म सञ्चालन गर्न, वन पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न  तथा त्यसबाट प्राप्त वन पैदावार वा अन्य जन्तुको उपभोग गर्नको लागि कबुलियती वन लगाउन चाहेकोले देहायको विवरण खुलाई आर्थिक सम्भाव्यता प्रतिवेदन तथा कार्ययोजना समेत यसैसाथ संलग्न गरी यो निवेदन गरेको छु ।

(१) कबुलियती वन लगाउन चाहेको राष्ट्रिय वनको :
   (क) ..................अञ्चल...................... जिल्ला ..................
   गा.वि.स......नं. वडाको ....................नाम भएको वन ।
   (ख) चार किल्ला .....................................................
   (ग) क्षेत्रफल ................................... हेक्टर
(२) कबुलियती वन लिन चाहेको उद्देश्य
(३) उत्पादन गर्न चाहेको वन पैदावार, किट पत□ र वन्यजन्तुको विवरण र परिमाण
(४) उत्पादन गर्न लाग्ने समय
(५) कबुलियती वन लिन चाहेको अवधि
(६) वातावरणमा पर्न सक्ने असरको सामान्य लेखाजोखा
(७) वन क्षेत्रको प्राकृतिक स्रोतको विवरण
(८) वन क्षेत्रको स्थिति
(९) खर्चको व्यवस्था

संस्था/उद्योग/समुदायको छाप :

निवेदक
.......... संस्था/उद्योग/समदायको तर्फबाट
प्रतिनिधिको नाम, थर, वतन :
उद्योग, संस्था वा समदायको नाम :
ठेगाना :
मिति :

## अनुसूची-१९
(नियम ४१ सँग सम्बन्धित)

# कबुलियती वनको कबुलियतनामा

..................... अञ्चल ........................जिल्ला............न.पा./गा.वि.स. ................................ स्थित ........................ तर्फबाट अख्यितर प्राप्त म/हामी ....................आफ्नो/हाम्रो संस्था/उद्योग/समुदायले दिएको निवेदन र कार्ययोजनामा कारवाही भई निर्णय भएबमोजिम ..................... अञ्चल ........................ जिल्ला ................. गा.वि.स./न.पा. वाड नं. ........ मा पर्ने पूर्व ............दक्षिण .......... पश्चिम ....... र उत्तर ........ भएको ............. यति चार किल्लाभित्रको .......... नाम भएको राष्ट्रिय वन ................ हेक्टर वन ऐन २०४९ र वन नियमावली, २०५१ को अधीनमा रही यसैसाथ संलग्न स्वीकृत कार्ययोजना अनुरूप तपसीलका शर्तहरु बमोजिम उक्त क्षेत्रमा ऐनको दफा ३१ को खण्ड ........ को उद्देश्यको निमित्त ......... अवधिका लागि कबुलियती वन लगाउन मञ्जुरुर छु भनीव खुसी राजीसँग यो कबुलियतनामा लेखी श्री ५ को सरकार जिल्ला वन कार्यालय, ........... मार्फत वा .......... क्षेत्रीय वन निर्देशनालयमा चढाएँ। यो कबुलियत बमोजिमको शर्त पालन नगरेमा वन ऐन, २०४९ र वन नियमावली, २०५१ बमोजिम सहुँला बुझाउँला।

## तपसील

१. स्वीकृत कार्ययोजनामा उल्लेख भएबाहेक अन्य कुनै काम कारवाही गर्ने छैन।
२. आफूले कबुलियती वन लगाउन पाएको क्षेत्रबाहेक अन्यत्र वन जग्गामा अतिक्रमण वा अन्य कुनै प्रकारले हानी-नोक्सानी गर्ने गराउने छैन।
३. यस कबुलियतको अवधि समाप्त भएपछि पुनः सोही कबुलियती वन क्षेत्र नपाएमा सो क्षेत्र श्री ५ को सरकारलाई नियमानुसार हस्तान्तरण गर्नेछु।
४. कबुलियत भएको मितिले १ वर्षभित्र स्वीकृत कार्ययोजना अनुसार कार्य प्रारम्भ गर्नेछु।
५. समय-समयमा क्षेत्रीय वन निर्देशनालय तथा वन कार्यालयले दिएको प्राविधिक सल्लाह, सुझाव र निर्देशन अनुरूप कार्य गर्नेछु।
६. कबुलियती वनबाट उत्पादन गरिएको वन पैदावार निकालेपछि कार्ययोजनाअनुरूप तत्कालै वृक्षारोपण पुनरुत्थानको व्यवस्था गर्नेछु।
७. कबुलियती वनमा यो कबुलियत हुनुभन्दा अघिदेखि भएका रुखहरु कार्ययोजना बमोजिम श्री ५ को सरकारले प्रचलित ऐन, नियमबमोजिम नहटाएसम्म सुरक्षा, संरक्षण गर्नेछु।



८. कबुलियती वन लगाउन पाएको जग्गाको वार्षिक दस्तुर ........... (रूपैयाँ) आर्थिक वर्षको आषाढ मसान्तभित्र सम्बन्धित वन कार्यालयमा बुझाउनेछु।
९. तोकेको फाराममा कबुलियती वनको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समप्त भएको साठी दिनभित्र सम्बन्धित वन डिभिजन कार्यालयमा बुझाउनेछु।
१०. कबुलियती वनबाट प्राप्त हुने वन पैदावार ओसारपसार गर्न जिल्ला वन कार्यालयले तोकिदिए बमोजिमको टाँचा रु. ५००।- बुझाई प्रयोग गर्नेछु र सो टाँचा प्रत्येक वर्ष रु. ५००।- बुझाई नवीकरण गर्नेछु।
११. यो पट्टा हराएमा, च्यातिएमा वा नासिएमा पाँचसय रूपैयाँ दस्तुर बुझाई अर्को पट्टा लिन म पट्टावाला मञ्जुर गर्दछु।

| | |
|---|---|
| इच्छाएको व्यक्तिको<br>वा | कबुलियत गर्ने संगठित संस्था, उद्योग |
| नाम, थर र वतन | समुदायको सहीछाप : |

(१)

(२)

इति सम्वत् ................... साल ............... गते रोज ...... शुभम् ...........

अनुसूची-२०
(नियम ४१ र ४९ सँग सम्बन्धित)

# कबुलियती वनको दस्तुर

## कबुलियती वनको वार्षिक दस्तुर

*प्रति हेक्टर रु. मा (१ हेक्टर/१९.७ रोपनी/१.४५ विगाहा)*

| | | हिमाली क्षेत्र | पहाडी क्षेत्र/उपत्यका | तराई क्षेत्र |
|---|---|---|---|---|
| १. | समुदाय | २००।- | ५००।- | १०००।- |
| २. | उद्योग | २००।- | ६००।- | १२००।- |
| ३. | संगठित संस्था | ४००।- | ८००।- | १५००।- |

द्रष्टव्य : (क) गरिबीका रेखामुनिका समुदायलाई कबुलियती वन प्रदान गर्दा कुनै पनि दस्तुर लाग्ने छैन ।

(ख) यो दस्तुरमा प्रत्येक वर्ष दश प्रतिशतका दरले वार्षिक वृद्धि हुँदै जानेछ ।



अनुसूची-२१
(नियम ४१ सँग सम्बन्धित)

# कबुलियती वनको पट्टा

श्री ५ को सरकार

## वन तथ भू-संरक्षण मन्त्रालय

........... क्षेत्रीय वन कार्यालय

वन ऐन, २०४९ र वन नियमावली, २०५१ को अधीनमा रही देहायको राष्ट्रिय वन क्षेत्रमा स्वीकृत वन योजना अनुरूप ................. उद्देश्यको लागि यो कबुलियती वनको पट्टा दिइएको छ :

१. सम्बन्धित संगठित संस्था/उद्योग/समुदायको -
   (क) नाम, थर :
   (ख) ठेगाना :
२. कबुलियती वनको -
   (क) ......अञ्चल........जिल्ला ......गा.वि.स./न.पा. वडा नं. ....
   (ख) चार किल्ला :
   (ग) नाम :
   (घ) क्षेत्रफल :
३. कबुलियती वनको अवधि :
४. कबुलियती वनको दस्तुर :
५. पट्टा गरेको मिति :
६. स्वीकृत कार्य योजनाको विवरण :

(१)
(२)
(३)
(४)

...............................
(निर्देशक)
............ क्षेत्रीय वन कार्यालय
.............................

मिति :